Regional News Bulletin June 21, 2026

यो आकाशवाणी गान्तोक हो।

Governor-Yoga Day: IPR

सिक्किम सरकारको आयुष विभागले आज गान्तोकमा बाह्रौँ अन्तर्राष्ट्रिय योगा दिवस २०२६ मनायो, जसमा योग अभ्यासकर्ता, विद्यार्थी, सरकारी अधिकारी र सर्वसाधारणको उत्साहजनक सहभागिता रह्यो। कार्यक्रममा राज्यपाल ओमप्रकाश माथुर प्रमुख अतिथिका रूपमा उपस्थित हुनुभयो। राज्यपालले भेलालाई सम्बोधन गर्दै, योगालाई मानवताका लागि भारतको अमूल्य उपहारका रूपमा वर्णन गर्नुभयो। अन्य जिल्लाहरू पाकिम, नाम्ची, सोरेङ, गेजिङ र माङ्गनमा पनि अन्तर्राष्ट्रिय योगा दिवस मनाइयो। माङ्गन जिल्लामा, जिल्लाको आयुष विभागले **"स्वस्थ बुढ्यौलीका लागि योग"** भन्ने वैश्विक विषय अन्तर्गत यो दिवस आयोजना गऱ्यो। नाम्चीमा, यो दिवस नाम्ची भाइचुङ स्टेडियममा योगा अभ्यास मार्फत शारीरिक कल्याण, मानसिक स्वास्थ्य र स्वस्थ जीवनशैलीलाई प्रवर्धन गर्ने साझा उद्देश्यका साथ मनाइयो। त्यसैगरी, पाकिममा, योग दिवस कार्यक्रममा सामान्य योगा प्रोटोकललाई सक्रिय रूपमा पालना गर्दै, कुल ८० जना सहभागीहरू सहभागी भए। गेजिङमा जिल्लामा, भारत सरकारको युवा मामिला तथा खेलकुद मन्त्रालयको **माई भारतसँगको** सहकार्यमा आयुष विभाग, गेजिङले अन्तर्राष्ट्रिय योगा दिवस आयोजना गऱ्यो। त्यसरी नै सोरेङ जिल्लामा, सोरेङ जिल्ला प्रशासनको सहकार्यमा सोरेङ पीएचसीको आयुष विभागले यो दिवस आयोजना गऱ्यो।

## CM Message-Yoga: IPR

बाह्रौँ अन्तर्राष्ट्रिय योगा दिवसका अवसरमा, मुख्यमन्त्री प्रेमसिंह तामाङले सबैप्रति हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। आफ्नो सन्देशमा उहाँले यस वर्षको विषयवस्तु **"स्वस्थ बुढ्यौलीका लागि योगा"** ले बुढ्यौलीका सबै चरणमा शारीरिक तन्दुरस्ती, मानसिक स्वास्थ्य, भावनात्मक सन्तुलन र स्वस्थ जीवनको गुणस्तर प्रवर्धनमा योगाको अनुपम ज्ञानलाई सुन्दर ढङ्गले प्रतिबिम्बित गर्दछ भनेर बताउनुभयो। उहाँले भन्नुभएको छ, यस विशेष दिनमा, योगालाई हाम्रो जीवनको अभिन्न अङ्ग बनाउने अनि स्वस्थ, शान्तिमय र दिगो संसार निर्माण गर्न सामूहिक रूपमा काम गर्ने हाम्रो प्रतिबद्धतालाई पुनः स्मरण गर्नुपर्छ।

## Award- ‘Biyad Pratibimb Samman: -Ajay Thami

पाकिमको बिरिङस्थित **बियाद युवा साहित्यिक संस्थान**-को पाँचौँ स्थापना दिवसका अवसरमा संस्थानले आज अरिटारमा वरिष्ठ पत्रकार जोसेफ लेप्चालाई **‘बियाद प्रतिबिम्ब सम्मान-२०२६’** पुरस्कार प्रदान गरेको छ। पत्रकारिताको माध्यमबाट समाजका विभिन्न पक्षहरूलाई उजागर गर्दै जनचेतना जगाउने र सामाजिक रूपान्तरणमा उहाँको महत्त्वपूर्ण भूमिकाको कदर गर्दै, यो सम्मान प्रदान गरिएको हो।

## Nasha Mukt Bharat Abhiyan: IPR

पाकिमका जिल्लापाल परी बिश्नोईको पहलमा सारथी संस्थासँगको समन्वयमा पाकिममा **नशामुक्त भारत अभियान** अन्तर्गत एक जागरूकता कार्यक्रम सञ्चालन गरियो। कार्यक्रमको उद्देश्य नवनिर्वाचित नगरपालिका पार्षद, औषधि व्यवसायी, मदिरा दोकान मालिक, वार्ड प्रतिनिधि, नगरपालिका कर्मचारी

र स्थानीय युवाहरूमाझ लतमुक्त र आत्महत्यामुक्त समुदायलाई प्रवर्धन गर्नु रहेको थियो। प्रमुख सत्रहरूमा सारथी १.० क◌ा प्रमुख संयोजक अश्मिता तामाङद्वारा मोबाइल लत, पाकिम प्राथमिक स्वास्थ्य केन्द्रका डा. नितेश भुसालद्वारा मानसिक स्वास्थ्य जागरूकता, पाकिम पुलिस चौकी, स्टेशन हाउस अफिसका प्रदीप क्षेत्रीद्वारा लागूपदार्थ दुरुपयोगका कानुनी पक्षहरू र पाकिमस्थित **द सामरीटन पुनर्वास केन्द्र**-का निर्देशक एन्ड्रयू स्याङ्बोद्वारा अनुभव साझा सत्र समावेश थिए। कार्यक्रममा स्वस्थ र लागूपदार्थमुक्त समाजका लागि आवश्यक कदमक◌ा रूपमा रोकथाम, जागरूकता र पुनर्वासबारे प्रकाश पारिएको थियो।

## SIR 2026 Awareness Vehicle: IPR

जिल्ला निर्वाचन कार्यालय, पाकिमले दोस्रो दिन पनि जिल्लाव्यापी SIR जनजागरण सवारी साधन अभियान जारी राखेको छ, जसको लक्ष्य मतदाता जागरूकतालाई सुदृढ पार्नु र मतदाता नामावलीको चलिरहेको विशेष गहन संशोधन, SIR २०२६ मा जनसहभागितालाई प्रोत्साहित गर्नु हो। जागरूकता अभियानको उद्देश्य नागरिकहरूलाई संशोधन प्रक्रियाको महत्त्वबारे शिक्षित गर्नु र योग्य मतदाताहरूलाई घर-घर गणना अभियानका क्रममा डिजिटलाइजेसनका लागि आफ्नो पूरा गणना फारमहरू पेश गरेर बुथ स्तर अधिकारीहरू, BLO हरूसँग सहकार्य गर्न प्रोत्साहित गर्नु रहेको छ।

**आकाशवाणी गान्तोकबाट प्रदेशिक समाचार पूरा भयो।**